फोन नं:०८२-५२०२०० (का.प्र.), ५२३०७८०
Email: hgao.tulsipur@ag.gov.np,Web: www.ag.gov.np

# उच्च सरकारी वकील कार्यालय
## तुलसीपुर
### (प्रशासन शाखा)

श्री उच्च सरकारी वकील कार्यालय तुलसीपुर २०७३

पत्र संख्याः२०८१/०८२
चलानी नं. २६११ मितिः२०८२।०३।१८

विषयः समुदायमा सरकारी वकील कार्यक्रमको प्रतिवेदन पठाएको सम्बन्धमा ।

श्री महान्यायाधिवक्ताको कार्यालय,
योजना, अनुसन्धान तथा अनुगमन विभाग,
रामशाहपथ, काठमाडौं ।

उपर्युक्त सम्बन्धमा उच्च सरकारी वकील कार्यालय, तुलसीपुरको आयोजनामा समुदायमा सरकारी वकील कार्यक्रम अन्तर्गत कानूनी सचेतना सम्बन्धी अन्तरक्रिया कार्यक्रम तुलसीपुर मेट्रो कलेजमा स्नातक तहमा कानून विषय अध्ययन गर्ने विद्यार्थीहरुसँग मिति २०८२।०३।१३ गते उच्च सरकारी वकील कार्यालय तुलसीपुरको सभाहलमा सम्पन्न भएकोमा उक्त कार्यक्रमको प्रतिवेदन यसै पत्र साथ संलग्न गरी पठाइएको ब्यहोरा अनुरोध छ ।

२०८२।३।१८

(नगेन्द्र लम्साल)
उपन्यायाधिवक्ता

# "समुदायमा सरकारी वकील कार्यक्रम"
# कानूनी सचेतना सम्बन्धी अन्तरक्रिया कार्यक्रम
# (तुलसीपुर मेट्रो कलेजमा स्नातक तहमा कानून विषय अध्ययनरत विद्यार्थीहरुसँग)

<u>प्रतिवेदन</u>

कार्यक्रम आयोजना मितिः २०८२ असार १३ गते

श्री उच्च सरकारी वकिल कार्यालय
तुलसीपुर, दाङ
दर्ता नं. :- ६८३०
दर्ता मिति -२०८२।३।१५

कार्यक्रम स्थानः उच्च सरकारी वकील कार्यालय तुलसीपुरको सभाहल।

आयोजक

उच्च सरकारी वकील कार्यालय, तुलसीपुर ।

<u>प्रतिवेदक</u>

उपन्यायाधिवक्ता नगेन्द्र लम्साल

उच्च सरकारी वकील कार्यालय, तुलसीपुर ।

<u>विषयसूची</u>


| | | पृ. |
|---|---|---|
| १. | कार्यक्रमको संक्षिप्त जानकारी | १ |
| २. | कार्यक्रमको उद्देश्य | १ |
| ३. | कार्यक्रममा प्रस्तुत भएका विषयहरू र प्रस्तुतकर्ता | १ |
| ४. | छलफलमा व्यक्त भएका विचारहरू र उठेका मुख्य मुख्य विषयहरू | १ |
| ५. | छलफलमा उठेका विषयहरूको सम्बोधन | ३ |
| ६. | कार्यक्रमका वक्ताहरुको मन्तब्य | ६ |
| ७. | कार्यक्रमबाट हासिल मुख्य उपलब्धिहरू | ७ |
| ८. | कार्यक्रम आयोजनामा आइपरेका समस्या/चुनौतीहरू | ७ |
| ९. | आगामी कार्यक्रमका लागि सुझाव | ७ |
| | अनुसूचीहरु | |
| | क) कार्यक्रम तालिका | ८ |
| | ख) कार्यक्रमका सहभागीहरूको नामावली | ९ |
| | ग) कार्यक्रमको तस्विर | १२ |
| | घ) कार्यक्रममा प्रस्तुत भएका कार्यपत्रहरू | १३ |

## कार्यक्रमको संक्षिप्त प्रतिवेदन

### १. कार्यक्रमको संक्षिप्त जानकारी

१) कार्यक्रमको नामः समुदायमा सरकारी वकील कार्यक्रम
कानूनी सचेतना सम्बन्धी अन्तरक्रिया कार्यक्रम ।
(तुलसीपुर मेट्रो कलेजमा स्नातक तहमा कानून विषय अध्ययनरत विद्यार्थीहरुसँग)

२) कार्यक्रम सञ्चालन स्थानः उच्च सरकारी वकील कार्यालय तुलसीपुरको सभाहल।

३) कार्यक्रम व्यवस्थापन र समन्वयः उच्च सरकारी वकील कार्यालय, तुलसीपुर ।

४) कार्यक्रम आयोजना मितिः २०८२।०३।१३

५) कार्यक्रम अवधिः विहान ११:३० बजेदेखि ०२:३० बजेसम्म

६) सहभागी संख्याः ४०, पुरुषः १८, महिलाः २२

७) कार्यक्रम संयोजन

क) संयोजकः उपन्यायाधिवक्ता नगेन्द्र लम्साल, उच्च सरकारी वकील कार्यालय (उसवका), तुलसीपुर

ख) प्रतिवेदकः उपन्यायाधिवक्ता नगेन्द्र लम्साल, उसवका तुलसीपुर

ग) सहयोगीः सहायक न्यायाधिवक्ता मन्जु बुढाथोकी, लेखापाल कमला रावत, नायव सुब्बा गोविन्द थापा र कार्यालय सहयोगी रिता रिजाल, उसवका तुलसीपुर।

### २. कार्यक्रमको उद्देश्य

१) सरकारी वकीलको कामकारबाही बारे जानकारी गराउने ।

२) सरकारवादी मुद्दाको काम कारबाहीमा समुदायको भूमिकाको बारेमा सचेतना जगाउने ।

३) सरकारी वकीलको काम कारबाही र सरकारवादी मुद्दाको सम्बन्धमा सहभागीले उठाएका जिज्ञाशाहरूको सम्बोधन गर्ने ।

### ३. कार्यक्रममा प्रस्तुत भएका विषयहरू र प्रस्तुतकर्ता

१) पहिलो कार्यपत्रः सरकारी वकीलको परिचय, सरकारवादी मुद्दाहरू र समुदायबाट गरिएको अपेक्षा, उच्च सरकारी वकील कार्यालय तुलसीपुरका उपन्यायाधिवक्ता नगेन्द्र लम्साल ।

### ४. छलफलमा व्यक्त भएका विचारहरू र उठेका मुख्य मुख्य विषयहरू

कार्यक्रममा कार्यपत्र प्रस्तुत गरेपछि सहभागीहरुबाट जिज्ञाशा राख्ने र कार्यक्रमका विषयमा सुझाव दिने कार्य गरिएको थियो । सहभागीहरुले कार्यक्रममा व्यक्त विचारहरुलाई बुँदागत रुपमा उल्लेख गरिएको छ ।

श्री शिशिर पौडेल
विद्यार्थी, वि.ए. एल.एल.वि. नवौ सेमेष्टर
तुलसीपुर मेट्रो कलज

- अभियुक्तलाई के कस्तो मुद्दामा सजाय छुटको कानूनी व्यवस्था रहेको छ। सरकारी वकीलबाट सजाय छुट सहित मागदावी लिइएको छ की छैन ।

श्री देबीसरा वली
विद्यार्थी, वि.ए. एल.एल.वि. नवौ सेमेष्टर
तुलसीपुर मेट्रो कलज

- उच्च सरकारी वकील कार्यालयहरुले जिल्ला अदालतबाट भएका के कस्ता मुद्दाहरुमा उच्च अदालतमा पुनरावेदन गर्ने गर्छ ।

श्री सरु चौधरी
विद्यार्थी, वि.ए. एल.एल.वि. नवौ सेमेष्टर
तुलसीपुर मेट्रो कलेज

- पीडितले सरकारी वकील बाहेक कानून व्यवसायीहरु राख्ने पाउने कानूनी व्यवस्था के कस्तो रहेको छ। एउटा मुद्दा राम्रोसँग हेरिरहेको सरकारी वकीलको बीचमै सरुवा हुँदा के कस्तो असर पर्छ।
- सरकारवादी फौजदारी मुद्दामा न्याय प्राप्त गर्ने विधि, प्रकृया, सरकारी वकीलको भूमिका र कानूनी साक्षरताका सम्बन्धमा सामान्य नागरिक सम्म यस किसिमको कार्यक्रम सञ्चालन गर्न जरुरी देखिएको छ।
- कार्यक्रममा प्राप्त जानकारी हामी कानूनका विद्यार्थीहरुलाई समेत समुदायमा गएर जानकारी दिनमा उपयोगी रहेको छ।

श्री प्रविन यादव
विद्यार्थी, वि.ए. एल.एल.वि. नवौ सेमेष्टर
तुलसीपुर मेट्रो कलज

- अभियोजन गर्दा पीडितले दिएको जाहेरी दरखास्तको आधारमा मात्र गरिन्छ की अभियुक्तको भनाई र अभियुक्तले पेश गरेका प्रमाणहरुलाई पनि विश्लेषण गरिन्छ।

श्री पारस अर्याल
विद्यार्थी, वि.ए. एल.एल.वि. नवौ सेमेष्टर
तुलसीपुर मेट्रो कलज

- फौजदारी अपराध नियन्त्रण र न्यूनीकरणका लागि समुदाय र विद्यालय स्तरसम्म कानूनी सचेतना सम्बन्धी कार्यक्रम आयोजना गर्न आवश्यक रहेको छ।

- हामी कानूनको विषय अध्ययनरत विद्यार्थीहरुले सरकारी वकीलको काम कारबाही र सरकारवादी फौजदारी मुद्दाको विषयमा प्राप्त जानकारी अरुलाई समेत सचेत गराउन उपयोगी रहेको छ।

श्री सजिता के.सी.
विद्यार्थी, वि.ए. एल.एल.वि. नवौ सेमेष्टर
तुलसीपुर मेट्रो कलज

- कार्यक्रममा सरकारवादी फौजदारी मुद्दा र सरकारवादी फौजदारी मुद्दामा सरकारी वकीलको भूमिका र काम कारबाहीको सम्बन्धमा जानकारी प्राप्त भएको छ।
- अपराध न्यूनीकरणका लागि समुदायमा जनचेतना, अनुसन्धान गर्ने निकायलाई सहयोग र शारीरिक पीडितलाई तत्काल प्रहरी मार्फत शारीरिक चेकजाँच गरी पुर्नस्थापना गर्नमा समुदाय सक्रिय हुनुपर्ने र पीडित मैत्री भावनाको विकास हुनुपर्ने जानकारी प्राप्त भएको छ।
- कार्यक्रम हामी जस्ता कानून विषय अध्ययनरत विद्यार्थीहरु र समुदायका लागि कानूनी सचेतनाका लागि उपयोगी रहेको छ।

सहभागीहरुले कार्यक्रमको विषयवस्तु सहित राखेका विभिन्न जिज्ञाशाहरुको जवाफ दिने कार्य कार्यक्रममा उपस्थित सरकारी वकीलहरुबाट भएको थियो ।

## ५. छलफलमा उठेका विषयहरूको सम्बोधन

छलफलमा उठेका विषयहरूको उच्च सरकारी वकील कार्यालय तुलसीपुरका उपन्यायाधिवक्ता नगेन्द्र लम्साल र सहन्यायाधिवक्ता सुशील देवकोटाले सम्बोधन गरी व्यक्त गर्नुभएको भनाईलाई बुँदागत रुपमा उल्लेख गरिएको छ।

- अभियुक्तले कसूर गरेकोमा अनुसन्धानमा सहयोग गरी कसूर स्विकार गरेमा र अन्य कसूरदारहरु उपर प्रमाण जुटाउनमा सहयोग गरेमा सम्बन्धित कसूर गरेको कानूनहरु र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ मा सजाय कम गर्ने माग दाबी लिई अभियोगपत्र दायर गर्न सकिने कानूनी ब्यवस्थाहरु रहेको छ। यसैगरी सजाय छुट दिने मागदावी सम्बन्धी निर्देशिका २०८० ले सजाय छुट दिंदा अपनाउनुपर्ने प्रकृया र बिधिको बारेमा उल्लेख गरिएको छ। सरकारी वकीलबाट सजाय छुटको अभ्यास भइरहेको छ। सजाय छुटलाई प्रभावकारी बनाउन कानून व्यवसायीहरुको भूमिका महत्वपूर्ण हुन्छ। आफूले कानूनी परामर्श दिने अभियुक्त र कानूनको विवादमा परेका बालबालिकालाई साँचो कुरा व्यक्त गरेर सजाय छुटको अभ्यासमा सहयोग गरेमा सजाय छुटको कानूनी व्यवस्था प्रभावकारी हुन्छ।

- अर्ध न्यायिक जिल्ला प्रशासन कार्यालय र निकुञ्ज लगायत विभिन्न निकायहरुले नेपाल सरकारवादी हुने फौजदारी मुद्दामा पुनरावेदन सुन्ने अधिकार सम्बन्धित जिल्ला अदालतमा रहेको मुद्दामा सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सकिन्छ। पुनरावेदनको रोहमा नेपाल सरकारवादी मुद्दामा जिल्ला अदालतले गरेको फैसला उपर न्याय प्रशासन ऐन, २०७३ को दफा ८ को उच्च अदालतको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन लाग्न सक्ने कानूनी व्यवस्थाहरुको मुद्दामा मात्र उच्च अदालतमा पुनरावेदन दिन सकिन्छ। शुरु मुद्दाको रुपमा कारबाही र किनारा गरेको जिल्ला अदालतले गरेको फैसला उपर न्याय प्रशासन ऐन, २०७३ को दफा ८ बमोजिम उच्च अदालतमा पुनरावेदन दिन सक्ने कानूनी व्यवस्था रहेको छ। जिल्ला अदालतबाट फैसला भएका नेपाल सरकारको मागदावी पुगेको मुद्दामा सरकारी वकील कार्यालयबाट पुनरावेदन गरिंदैन । नेपाल सरकारको मागदावी नपुगेको जिल्ला अदालतले पुनरावेदनको रोहमा फैसला भएको मुद्दामा पुनरावेदन हुन सक्ने कानूनी ब्यवस्था रहेको अवस्थामा उच्च सरकारी वकील कार्यालयलाई पुनरावेदन गर्नुपर्ने आधार र कारण मनासिव भएमा पुनरावेदन गरिन्छ । उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भए बमोजिम पुनरावेदन नगर्ने निर्णय गरिन्छ। जिल्ला अदालतले शुरु मुद्दाको रुपमा फैसला गरेका मुद्दाहरुमा पुनरावेदन गर्नुपर्ने आधार र कारण मनासिव भएमा पुनरावेदन गरिन्छ । उच्च सरकारी वकील कार्यालयबाट पुनरावेदन नगर्ने अन्तिम टुङ्गो लाग्ने गरी अधिकार प्रत्यायोजन भएका मुद्दाहरुमा उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भए बमोजिम पुनरावेदन नगर्ने निर्णय गरिन्छ। उच्च सरकारी वकील कार्यालयबाट पुनरावेदनको अन्तिम निर्णय गर्न नमिल्ने मुद्दाहरुको पुनरावेदन सम्बन्धी कारबाही नगर्ने निर्णयका लागि महान्यायाधिवक्ताको कार्यालयमा पुनरावेदन नगर्ने प्रस्ताव पठाइन्छ । महान्यायाधिवक्ताको कार्यालयलाई पुनरावेदन नगर्ने प्रस्ताव पठाइएकोमा पुनरावेदन गर्ने गरी निर्णय भएमा तोकिएको म्याद भित्र उच्च अदालतमा पुनरावेदन दर्ता गरिन्छ।
- पीडितले चाहेमा फौजदारी न्यायिक प्रक्रियामा छुट्टै कानून व्यवसायी समेत राख्न पाउने व्यवस्था अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा १२ ले गरेको छ। प्रत्येक सरकारी वकीलले फौजदारी मुद्दालाई बुझेको हुन्छ। सरकारी वकीलको सरुवाले फौजदारी मुद्दाको बहस पैरवी प्रतिरक्षामा कुनै असर पर्दैन।
- जाहेरी दरखास्तबाट अनुसन्धान शुरु भए पनि कुनै कसूरको आरोप लागेको अभियुक्तले उक्त कसूरमा आफू निर्दोष छु भनी पेश गरेका प्रमाणहरुको अनुसन्धान र अभियोजनमा समेत विश्लेषण गरिन्छ। स्वच्छ सुनुवाईका लागि र कसूरका सम्बन्धमा कसूरदारको धारणा लिन कानूनको विवादमा परेका बालबालिकालाई

निजको अभिभावकको रोहवरमा प्रहरी अनुसन्धान अधिकारीले सरकारी वकील कार्यालयमा सरकारी वकील समक्ष सोधपुछ र अभियुक्तको बयान प्रहरी अनुसन्धान अधिकारीले सरकारी वकील कार्यालयमा सरकारी वकील समक्ष बयान गराउने कानूनी व्यवस्था रहेको छ। अनुसन्धानमा संकलन गरिएका समग्र प्रमाणहरुको विश्लेषण गरेर सरकारी वकीलले मुद्दा चलाउने र नचलाउने निर्णय गर्छ । मुद्दा नचलाउने अन्तिम निर्णय केहि मुद्दाहरुमा प्रत्यायोजित अधिकार बमोजिम उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताबाट र महान्यायाधिवक्ताको कार्यालयको नायव महान्यायाधिवक्ता र महन्यायाधिवक्ताबाट हुन्छ।

- लागूऔषध, बालविवाह, बाल अधिकार यौनजन्य अपराध, लागू औषध, सडक दुर्घटना, आत्महत्या लगायतका अपराधहरुको न्यूनीकरणका लागि स्थानीय तह, प्रहरी, सरकारी वकील र समुदायसँग सम्बन्धित संघ संस्था, कानून व्यवसायी, कानूनका विद्यार्थी र अन्य सरोकारवाला सरकारी निकायको सहयोग र समन्वयमा विभिन्न सचेतनामूलक कार्यक्रमहरु समुदायस्तर, विद्यालय र क्याम्पसहरुमा गर्न जरुरी देखिएको छ ।
- लागू औषध दुर्व्यसनीमा फसेको ब्यक्ति विस्तारै लागू औषध सेवनका लागि कारोबारतर्फ क्रियाशील हुने तथा लागू औषध खरिदका लागि चोरी र डाँका जस्ता क्रियाकलापमा समेत क्रियाशील हुने भएकाले आफ्नो घर परिवारको सदस्य, साथी र छिमेकी कसैलाई पनि यस्तो कुलतमा फस्न नदिन र फसेकालाई लागू औषध दुर्व्यसनबाट छुटाउने कार्यमा समाजमा सबै वर्ग क्रियाशील हुन जरुरी छ ।
- लैङ्गिक हिंसा अपराधको रोकथामका लागि सचेतनासँगै, अभियुक्तलाई कानूनी कारबाही तथा पीडितको पुर्नस्थापना र न्यायमा पहुँच पुर्याउन सबै क्षेत्रका सरोकारवाला निकाय र समुदाय क्रियाशील भई प्रहरीलाई अनुसन्धानमा सहयोग गर्नुपर्छ ।
- यौनजन्य हिंसाका र घाउचोट लागेका पीडितलाई तत्काल उद्धार गरी छिटो भन्दा छिटो अस्पतालमा लिएर तोकिएको ढाँचाको फारममा यौनजन्य हिंसा र घाउचोट विवरण उल्लेख गर्न लगाई चेक जाँच गराउँदा वारदातलाई पुष्टि गर्न मद्दत पुग्छ ।
- उमेर नपुगेको १८ वर्ष मुनिको बालिकासँग सहमतीमा करणी गरे पनि जबरजस्ती करणी हुने कानूनी ब्यवस्था भएकाले कसैले पनि यस्तो जघन्य कसूर गर्न हुँदैन भनी कसूर गर्दा हुने सजायका बारेमा समुदाय स्तरमा कानूनी सचेतना गराउँदा रोकथाममा मद्दत पुग्छ ।
- २० वर्ष उमेर नपुगी विवाह गर्नु कसूर भएको बारे सचेतनासँगै बालविवाहले बालबालिकाको शारिरिक र बौद्धिक क्षमतामा पार्ने असरका बारेमा परिवारका सदस्य र बालबालिकालाई यस विषयमा सचेत गराउन जरुरी छ । बालविवाह गर्ने

र बालविवाह गराउने परिवारका सदस्यहरुलाई हुने कानूनी सजायको बारेमा जानकारी गराएमा पनि बालविवाहको रोकथाममा सहयोग पुग्छ ।

- सरकारवादी मुद्दाका पीडितलाई तत्काल कानूनी परामर्शको आवश्यकता भएको जानकारी प्राप्त भएमा सरकारी वकीलबाटसमेत कानूनी परामर्श उपलब्ध गराउन सकिन्छ ।

६. कार्यक्रमका वक्ताहरुको मन्तव्य

**अधिवक्ता श्री विजय पोखेल**
**कार्यक्रम संयोजक, तुलसीपुर मेट्रो कलेज वि.ए. एल.एल.वि.**

- सरकारी वकीलको कामकारबाही र सरकारवादी फौजदारी मुद्दाको जानकारी सम्बन्धी कार्यपत्रको विषय कानूनका विद्यार्थीहरुले थाहा पाउनुपर्ने विषयमा कार्यक्रम आयोजना गरिएको निकै सकारात्मक र उपयोगी रहेको छ।
- सरकारवादी फौजदारी मुद्दाको विषयमा कार्यक्रममा उपस्थित विद्यार्थीहरु र सहभागीलाई सचेतना वृद्धि भएको छ ।

उच्च सरकारी वकील कार्यालय तुलसीपुरका सहन्यायाधिवक्ता श्री सुशील देवकोटाले कार्यक्रमको समापन गर्दै व्यक्त गर्नुभएको भनाईहरुलाई बुंदागत रुपमा उल्लेख गरिएको छ।

**श्री सुशील देवकोटा, सहन्यायाधिवक्ता**
**उच्च सरकारी वकील कार्यालय, तुलसीपुर।**

- कानून नजानेर मैले अपराध गरे भन्दैमा क्षम्य हुँदैन । यसका लागि सबैले कानून जानुपर्छ । कुन कार्य गर्दा के कसूर हुन्छ भनेर समुदाय साक्षर र सचेत हुन जरुरी छ ।
- समुदायलाई कानूनी रुपमा सचेत र साक्षर बनाउन स्नातक तहमा कानून विषय अध्ययनरत विद्यार्थीहरुको भूमिका महत्वपूर्ण हुन्छ । स्नातक उतीर्ण भए पछि कानून व्यवसायी सहित न्यायिक विभिन्न क्षेत्रहरुमा यहाँहरुको क्रियाशीलता रहने भएकाले सरकारवादी फौजदारी मुद्दाको बारेमा समुदायलाई सचेतना जगाउन यहाँहरुको भूमिका महत्वपूर्ण हुने भएकाले यहाँहरुसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको हो ।
- अपराध बढ्दा शान्ति सुरक्षा र विकास कार्यलाई समेत असर पुर्याउँछ । यसका लागि अपराधको न्यूनीकरणका लागि सबै क्षेत्र र समुदाय क्रियाशील हुनुपर्छ ।
- समुदायको न्यायमा पहुँच गराउन तथा कानूनी रुपमा सचेत गराउन कानूनी सचेतना सम्बन्धी कार्यक्रमहरुको भूमिका महत्वपूर्ण हुन्छ ।

- कानूनी साक्षरता विद्यालय तह देखि समुदाय स्तरसम्म सञ्चालन गर्न जरुरी देखिएको छ। समुदायलाई सरकारवादी फौजदारी मुद्दाको विषय र सरकारी वकीलको काम कारबाही बारे जानकारी गराउन र समुदायको सरकारी वकीलको काम कारबाहीबारे धारणा बुझ्न सरकारी वकील कार्यालयहरुबाट कानूनी सचेतना सम्बन्धी समुदायमा सरकारी वकील कार्यक्रम सञ्चालन भइरहेको छ ।

उक्त कार्यक्रमको सञ्चालन उच्च सरकारी वकील कार्यालय तुलसीपुरका सहायक न्यायाधिवक्ता मन्जु बुढाथोकीले गर्नुभएको थियो ।

## ७. कार्यक्रमबाट हासिल मुख्य उपलब्धिहरू

- सरकारी वकीलको काम कारबाही बारे सहभागीलाई जानकारी भई सरकारी वकीलको कामको पहिचानमा वृद्धि भएको छ ।
- सरकारवादी फौजदारी कसूर गर्दा हुने सजाय र यसको न्यूनीकरण र रोकथाममा समुदायको भूमिकाको बारेमा कानूनका विद्यार्थीलाई सचेत बनाउने कार्य भएको छ।
- सरकारवादी मुद्दाको अनुसन्धान र अभियोजनको प्रकृयाको बारेमा सहभागीलाई जानकारी भएको छ ।
- सरकारी वकीलको काम कारबाहीको उत्तरदायित्व र पारदर्शीताको सम्बन्धमा सहभागीले राखेको जिज्ञाशा र त्यसको सम्बोधनले मद्दत गरेको छ ।
- अपराधको न्यूनीकरण एवम् कानूनको न्यायप्रणालीप्रति विश्वासको भावना वृद्धि भएको छ ।
- सरकारवादी मुद्दाको अनुसन्धानमा समुदायको सहयोगले फौजदारी न्याय प्रशासन सवल बनाउन र पीडितलाई न्याय र कसूरदारलाई सजाय दिलाउन महत्वपूर्ण भूमिका हुने भनी सहभागीमा सचेतना वृद्धि भएको छ ।
- कानूनी साक्षरता वृद्धि गराउनमा सहयोग पुगेको छ ।

## ८. कार्यक्रम आयोजनामा आइपरेका समस्या/चुनौतीहरू

कार्यक्रम सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको थियो । कार्यक्रम आयोजना र सञ्चालनमा कुनै समस्या र चुनौतीको सामना आयोजकले गर्नु परेन ।

## ९. आगामी कार्यक्रमका लागि सुझाव

- समुदायमा सरकारी वकील कार्यक्रमलाई अभियानको रूपमा समुदायका हरेक क्षेत्र, वर्ग र जिल्लाका विभिन्न स्थानमा कार्यक्रम आयोजना गर्दा सरकारी वकीलको पहिचान वृद्धि हुनुका साथै अपराधको रोकथाम र अपराधको अनुसन्धानमा समुदायको सहयोगमा वृद्धि हुने देखिन्छ ।

अनुसूचीहरू

क) कार्यक्रम तालिका

"समुदायमा सरकारी वकील कार्यक्रम"

स्नातक तहमा कानून विषय अध्ययनरत विद्यार्थीसँग कानूनी सचेतना सम्बन्धी अन्तरक्रिया कार्यक्रम

मितिः २०८२।०३।१३ गते समयः विहान ११:३० बजेदेखि दिउँसो ०२:३० बजेसम्म

कार्यक्रम स्थानः उच्च सरकारी वकील कार्यालय तुलसीपुरको सभाहल ।

आयोजकः उच्च सरकारी वकील कार्यालय, तुलसीपुर ।

कार्यक्रम सञ्चालकः सहायक न्यायाधिवक्ता श्री मन्जु बुढाथोकीज्यू

| | |
|---|---|
| ११:३०-११:४० | उपस्थिति |
| ११:४०-११:५० | कार्यक्रम अध्यक्षताः उच्च सरकारी वकील कार्यालय, तुलसीपुरका सहन्यायाधिवक्ता श्री सुशील देवकोटाज्यू<br>अतिथिः उच्च सरकारी वकील कार्यालय, तुलसीपुरका उपन्यायाधिवक्ता श्री नगेन्द्र लम्सालज्यू<br>तुलसीपुर मेट्रो कलेज वि.ए. एल.एल.वि. का कार्यक्रम संयोजक अधिवक्ता श्री विजय पोखेलज्यू<br>कार्यक्रममा उपस्थित तुलसीपुर मेट्रो कलेजका वि.ए. एल.एल.वि. का विद्यार्थीहरु एवं कार्यालयका कर्मचारीहरु । |
| ११:५०: १२:३० | कार्यपत्र प्रस्तुतीः१) सरकारी वकीलको परिचय, सरकारवादी मुद्दाहरू र समुदायबाट गरिएको अपेक्षा, नगेन्द्र लम्साल, उपन्यायाधिवक्ता, उसवका, तुलसीपुर |
| १२:३०-०२:०० | खुला छलफल र जिज्ञाशाको सम्बोधन सरकारी वकीलहरुबाट । |
| ०२:००-०२:३० | मन्तब्य<br>तुलसीपुर मेट्रो कलेज वि.ए. एल.एल.वि. का कार्यक्रम संयोजक अधिवक्ता श्री विजय पोखेलज्यू<br>कार्यक्रम समापनः उच्च सरकारी वकील कार्यालय, तुलसीपुरका सहन्यायाधिवक्ता श्री सुशील देवकोटाज्यू |

ख) कार्यक्रमका सहभागीहरूको नामावली

| क्र.सं. | नाम | लिङ्ग | पद/कार्यालय | टेलिफोन नं/ईमेल |
|---|---|---|---|---|
| १ | सुशील देवकोटा | पु | सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, तुलसीपुर | ९८५१०८९९३९ devkotasushil@gmail.com |
| २ | नगेन्द्र लम्साल | पु | उपन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, तुलसीपुर | ९८४१४४०७८१ nagendralamsal@gmail.com |
| ३ | मन्जु बुढाथोकी | म | सहायक न्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, तुलसीपुर | ९८४९५५४९९३ |
| ४ | विजय पोखेल | पु | कानून संकाय संयोजक/अधिवक्ता, तुलसीपुर मेट्रो कलेज | ९९४६८९६८४४ bijay.legal@gmail.com |
| ५ | शिसिर पौडेल | पु | विद्यार्थी, तुलसीपुर मेट्रो कलेज | ९८६७१५३००५ |
| ६ | पारस अर्याल | पु | विद्यार्थी, तुलसीपुर मेट्रो कलेज | ९७४९२६६३४९ |
| ७ | शुस्मा योगी | म | विद्यार्थी, तुलसीपुर मेट्रो कलेज | ९८६९८७९४०४ |
| ८ | नम्रता भण्डारी | म | विद्यार्थी, तुलसीपुर मेट्रो कलेज | ९८६३४६४८१७ namratabhandari295@gmail.com |
| ९ | मालती श्रेष्ठ | म | विद्यार्थी, तुलसीपुर मेट्रो कलेज | ९७४२२१५२९३ mayorashrestha07@gmail.com |
| १० | नबिन भुसाल | पु | विद्यार्थी, तुलसीपुर मेट्रो कलेज | ९८४४७४२६१९ nabinbhusal9844@gmail.com |
| ११ | प्रबिन यादव | पु | विद्यार्थी, तुलसीपुर मेट्रो कलेज | ९८१०८०२७१८ yadavprabin256@gmail.com |
| १२ | प्रतिक्षा देवकोटा | म | विद्यार्थी, तुलसीपुर मेट्रो कलेज | ९७०६४६३५१७ supriyadevkota830@gmail.com |
| १३ | कुसुम भण्डारी | म | विद्यार्थी, तुलसीपुर मेट्रो | ९८०९७२५८९३ |

| | | | | |
|---|---|---|---|---|
| | | | कलेज | kusumbhandari846@gmail.com |
| १४ | देबीसरा वली | म | विद्यार्थी, तुलसीपुर मेट्रो कलेज | ९८२५१५९०९६ olidevisara2@gmail.com |
| १५ | त्रिसना रोकाया | म | विद्यार्थी, तुलसीपुर मेट्रो कलेज | ९७४९७७०५१६ trisanarokaya21@gmail.com |
| १६ | सजिता केसी | म | विद्यार्थी, तुलसीपुर मेट्रो कलेज | ९८२२९२३४४० sajitakc65@gmail.com |
| १७ | विपना गिरी | म | विद्यार्थी, तुलसीपुर मेट्रो कलेज | giribipana635@gmail.com |
| १८ | अविना गिरी | म | विद्यार्थी, तुलसीपुर मेट्रो कलेज | ९८४७८५५२६९ giriabinao@gmail.com |
| १९ | तिला वली | म | विद्यार्थी, तुलसीपुर मेट्रो कलेज | tilaoli9822@gmail.com |
| २० | प्रतिक्षा वि.क. | म | विद्यार्थी, तुलसीपुर मेट्रो कलेज | pratikshabk67@gmail.com |
| २१ | छविन रावत | पु | विद्यार्थी, तुलसीपुर मेट्रो कलेज | iamchhabinrawat@gmail.com |
| २२ | पुष्पा वनकारी | म | विद्यार्थी, तुलसीपुर मेट्रो कलेज | ९८२९८४१०७५ |
| २३ | सरु चौधरी | म | विद्यार्थी, तुलसीपुर मेट्रो कलेज | ९८१०८८५३३८ saruchy122@gmail.com |
| २४ | समिर पोखरेल | पु | विद्यार्थी, तुलसीपुर मेट्रो कलेज | ९८६८६८५८६६ samirpokhrel879@gmail.com |
| २५ | रविना खत्री | म | विद्यार्थी, तुलसीपुर मेट्रो कलेज | ९८०६२९३०४४ rabinakhatri116@gmail.com |
| २६ | सुस्मिता परियार | म | विद्यार्थी, तुलसीपुर मेट्रो कलेज | ९८१०८९३८७६ susmeetwp@gmail.com |
| २७ | अन्जली शाह ठकुरी | म | विद्यार्थी, तुलसीपुर मेट्रो कलेज | ९८२३९१५८७९ anjalithakuri363@gmail.com |
| २८ | सन्ध्या मरासिनी | म | विद्यार्थी, तुलसीपुर मेट्रो कलेज | ९८४९०७९४७४ |

| | | | | |
|---|---|---|---|---|
| २९ | कमला रावत | म | लेखापाल, उ.स.व.का. तुलसीपुर | ९८४९७५७०४४ |
| ३० | किरणकुमार जैशी | पु | नायव सुब्बा, उ.स.व.का. तुलसीपुर | ९८४८४४३३५५ |
| ३१ | गोविन्द थापा | पु | नायव सुब्बा, उ.स.व.का. तुलसीपुर | ९८४४८६९८४७ |
| ३२ | सुमनकुमार चौधरी | पु | नायव सुब्बा, उ.स.व.का. तुलसीपुर | ९८४६८८५५१३ |
| ३३ | प्रविन प्रसाद | पु | खरिदार, उ.स.व.का. तुलसीपुर | ९८४५७८६०७८ |
| ३४ | सनि कक्रेल | पु | खरिदार, उ.स.व.का. तुलसीपुर | ९८६६२०६१६५ |
| ३५ | दिक्षा गुरुङ्ग | म | सहायक कम्प्युटर अपरेटर, उ.स.व.का. तुलसीपुर | ९८६६०९७९७७ |
| ३६ | परशुनन्दन चौधरी | पु | हलुका सवारी चालक, उ.स.व.का. तुलसीपुर | ९८४७८२३७९४ |
| ३७ | बुद्धिराम चौधरी | पु | कार्यालय सहयोगी, उ.स.व.का. तुलसीपुर | ९८६६९७०६९१ |
| ३८ | रिता रिजाल | म | कार्यालय सहयोगी, उ.स.व.का. तुलसीपुर | ९८४७९०००२३ |
| ३९ | महेश चौधरी | पु | कार्यालय सहयोगी, उ.स.व.का. तुलसीपुर | ९८१२८७२०८८ |
| ४० | दिपेश वली | पु | कार्यालय सहयोगी, उ.स.व.का. तुलसीपुर | ९७६२२५३०७० |

ग) कार्यक्रमको तस्विर




मिति २०८२।३।१३ गते उच्च सरकारी वकील कार्यालय तुलसीपुरद्वारा कार्यालयको सभाहलमा आयोजित समुदायमा सरकारी वकील कार्यक्रममा सहभागी तुलसीपुर मेट्रो कलेजमा स्नातक तहमा कानून विषय अध्ययनरत विद्यार्थी सहितका सहभागीहरु ।

घ) कार्यक्रममा प्रस्तुत भएका कार्यपत्रहरू
पहिलो कार्यपत्र

## १ सरकारी वकीलको परिचय, सरकारवादी मुद्दाहरू र समुदायबाट गरिएको अपेक्षा

नगेन्द्र लम्साल, उपन्यायाधिवक्ता,
उच्च सरकारी वकील कार्यालय, तुलसीपुर
२०८१ असार १३ गते

### सरकारी वकीलको परिचयः

सरकारी वकील को हुन् :

- फौजदारी न्याय प्रशासनका तीन प्रमुख कार्य अनुसन्धान, अभियोजन र न्यायिक निर्णय मध्ये महान्यायाधिवक्ताको कार्यालय र यस अन्तर्गतका सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूलाई राज्यको तर्फबाट अभियोजनकर्ताको जिम्मेवारी दिइएको छ ।
- राज्यको कानूनको रक्षक र सरकारको कानूनी सल्लाहकार सरकारी वकील हो ।
- सरकारवादी मुद्दाहरूमा र सरकारलाई विपक्षी बनाई दायर भएका रिट/मुद्दाहरूमा राज्यको तर्फबाट अदालत/न्यायिक निकायमा प्रतिनिधित्व गर्दै वहस पैरवी र प्रतिरक्षा गर्ने र सरकावादी मुद्दाहरूको अभियोजन गर्ने कानूनी अधिकार प्राप्त व्यक्तिलाई सरकारी वकील भनिन्छ ।
- सरकारी वकील कानूनको ज्ञाता र विशेषज्ञ हुन्छन् ।
- मानव अधिकारको रक्षक ।
- फौजदारी न्याय प्रशासनको सुधारको संवाहक र समन्वयकर्ता ।
- कानूनको शासनको संरक्षक तथा प्रचलनकर्ता ।
- निशुल्क पीडित पक्षको प्रतिनिधित्व गर्छन् ।
- पीडितलाई न्याय र कसूरदारलाई सजाय दिलाउन न्यायका लागि वोल्ने सहजकर्ता र पीडितलाई अदालतबाट अन्तिम फैसला भएपछि क्षतिपूर्ति दिलाउन समन्वय गर्ने भएकाले सरकारी वकील जनताका वकील हुन् ।

### सरकारी वकीलका कामहरूः

सरकारी वकीलको काम सरकार वादी हुने देवानी मुद्दा र सरकारवादी हुने फौजदारी मुद्दासँग मात्र सम्वन्धित हुन्छ । उक्त मुद्दाहरुमा सरकारी वकीलले निम्न कार्यहरू गर्छः

- नेपालको संविधानले संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको

अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तामा निहित राखेको छ । धारा १५८ (२)

- महान्यायाधिवक्ताबाट अभियोजन सम्बन्धी आफूमा निहित अधिकार मातहत सरकारी वकीललाई तोकिएको शर्तको अधिनमा रही प्रयोग र पालना गर्न सक्ने गरी प्रत्यायोजन गरिएको हुन्छ ।
- नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकीलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिनेछ भनी उल्लेख छ । धारा १५८ (२)
- नेपालको संविधानमा भएको व्यवस्था, महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार र अन्य कानूनहरूमा भएको व्यवस्था अनुसार सरकारी वकीलले सरकारवादी मुद्दाको साथै सरकारलाई सरोकार पर्ने मुद्दा र सरकारलाई विपक्षी बनाई दायर भएका मुद्दा मामिला र रिट क्षेत्रमा समेत अभियोजन, वहस पैरवी, प्रतिरक्षा गर्ने र सरकारी निकायहरूलाई कानूनी राय प्रदान गर्ने र हिरासतमा रहेका व्यक्तीलाई मानवोचित व्यवहार नगरेको, आफन्त वा कानून व्यवसायीलाई भेटघाट गर्न नदिएको भन्ने जानकारी वा उजुरी परेमा हिरासत अनुगमन गर्ने र छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने काम सरकारी वकीलले गर्छन् ।
- कसूरको प्रभावकारी अनुसन्धानका आधारमा दोषी देखिएका व्यक्ति उपर नेपाल सरकारको तर्फबाट अभियोजन गर्ने र पीडितलाई न्याय उपलब्ध गराउन पिडितको तर्फबाट बहस पैरवी/प्रतिरक्षा गर्ने काम सरकारी वकीलबाट हुन्छ ।
- कसूरको अनुसन्धान गर्ने अधिकारीहरू (प्रहरी अधिकृत, वन कर्मचारी, राष्ट्रिय निकुञ्जका कर्मचारी, औषधी निरिक्षक, खाद्य निरिक्षक, प्रमुख जिल्ला अधिकारी वा अधिकृत आदि) लाई कसूरको अनुसन्धान गर्दा निर्देशनदिने ।
- कसूरको अनुसन्धान गरे पछि प्रमाणको आधारमा को उपर मुद्दा चल्ने, को उपर मुद्दा नचल्ने, मुद्दा चल्ने भए कुन कसूरमा कुन सजायको मागदावी लिएर मुद्दा चलाउने भन्ने कुराको निर्णय गर्ने ।
- मुद्दा चलाउने निर्णय भएमा अभियोग पत्र तयार गरी अदालत/न्यायिक निकायमा प्रमाण सहित मुद्दा पेश गर्ने ।
- मुद्दामा सरकारको तर्फबाट बहस पैरवी गर्ने, साक्षीहरुको वकपत्र गराउने, जिरह गर्ने, पछि प्राप्त भएका प्रमाणहरु अदालतमा पेश गर्ने ।
- अदालत/न्यायिक निकायले गरेको फैसला वा आदेशमा चित्त नबुझेमा माथिल्लो अदालतमा पुनरावेदन गर्ने वा निवेदन दिने ।
- नेपाल सरकारका कार्यालयहरुले माग गरेको कानूनी प्रश्नमाकानूनी राय प्रदान गर्ने ।

- नेपाल सरकारको हक हित सरोकार रहेको मुद्दामा बहस पैरवी प्रतिरक्षा गर्ने तथा साक्षीको वकपत्र गराउने ।
- सरकारी निकाय वा पदाधिकारी विरुद्धका मुद्दामा सरकारी निकाय वा पदाधिकारीको प्रतिरक्षा गर्ने ।
- हिंसा वा अपराध पीडित, जाहेरवाला वा साक्षीका साथै हिरासतमा रहेका व्यक्तिहरूको मानवअधिकारको संरक्षण गर्ने ।

**नेपालमा सरकारी वकील कार्यालयको सांगठनिक संरचनाः**

१) महान्यायाधिवक्ताको कार्यालय (१ वटा)
२) उच्च सरकारी वकील कार्यालयहरू (१८ वटा)
३) विशेष सरकारी वकील कार्यालय (१ वटा काठमाडौंमा रहेको )
४) जिल्ला सरकारी वकील कार्यालयहरू (७७ वटा)

**नेपालमा सरकारी वकीलका पदहरूः**

- **महान्यायाधिवक्ताः** प्रधानमन्त्री सिफारिसमा राष्ट्रपतिबाट नियुक्त हुने संवैधानिक व्यवस्था नेपालको संविधानको धारा १५७ (२) मा रहेको छ । धारा १५८ (१) मा नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार हुनेछ भनी उल्लेख भएको । धारा १५८ (२) मा यस संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेको छ । महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार सम्बन्धी विस्तृतमा नेपालको संविधानको धारा १५८ मा उल्लेख रहेको छ ।
- **नायब महान्यायाधिवक्ताः** नेपाल न्याय सेवाको राजपत्रांकित विशिष्ट श्रेणी (सचिव स्तर) को सरकारी वकील ।
- **सहन्यायाधिवक्ताः** नेपाल न्याय सेवा, सरकारी वकील समूहको राजपत्रांकित प्रथम श्रेणी (सहसचिव स्तर) को सरकारी वकील ।
- **उपन्यायाधिवक्ता/जिल्ला न्यायाधिवक्ताः** नेपाल न्याय सेवा, सरकारी वकील समूहको राजपत्रांकित द्वितिय श्रेणी (उप सचिव) स्तरको सरकारी वकील ।
- **सहायक जिल्ला न्यायाधिवक्ता/सहायक न्यायाधिवक्ताः** नेपाल न्याय सेवा, सरकारी वकील समूहको राजपत्रांकित तृतीय श्रेणी (शाखा अधिकृत) सरहको सरकारी वकील ।

**सरकारवादी मुद्दाहरू:**

**(क) देवानी मुद्दाहरु:-** सरकारी र सार्वजनिक सम्पत्ति सम्वन्धी मुद्दाहरु र नेपाल सरकारको हक हित सरोकार सम्वन्धी देवानी मुद्दाहरु सरकारवादी हुन्छ ।

**(ख) फौजदारी मुद्दा:-** दुनियावादी फौजदारी हुने केही अपवादलाई छाडेर प्राय सबैजसो मुद्दाहरु सरकारवादी हुन्छन् । यसलाई यसरी वर्गिकरण गर्न सकिन्छ ।

**जीउज्यान सम्बन्धित कसूर:-**ज्यान सम्बन्धि कसूर, ज्यान मार्ने उद्योग, अंगभंग, तेजाब खनाई कुरुप पारेको, गर्भपतन, गैरकानूनी थुना, ब्यक्ति वेपत्ता पार्ने, अपहरण तथा शरिरबन्धक,इलाज(उपचार) सम्वन्धी कसूर, मानव बेचबिखन सम्बन्धी कसूर ।

**राष्ट्र र समाज विरुद्धका कसूर:-** राज्य विरुद्धका कसूर, सार्वजनिक शान्ति भंग गर्ने कसूर, अपराधका प्रमाणहरु नष्ट गर्ने, प्रमाण संकलनमा बाधा पुर्याउने कसूर, सार्वजनिक स्वास्थ्य, सुरक्षा, सुविधा,नैतिकता विरुद्धका कसूरहरु, हातहतियार र विष्फोटक पदार्थ सम्बन्धीकसूर, राष्ट्रिय वा सार्वजनिक सम्पत्तिबिरुद्धकोकसूर, धर्म सम्बन्धी कसूर, लागूऔषध, वन सम्वन्धी कसूर, नक्कली नोट, नक्कली टिकट सम्बन्धी कसूर, भ्रष्टाचार सम्बन्धी कसूर ।

**समाजका कमजोर वर्ग उपर भेदभाव सम्बन्धी कसूर:-** गम्भीर घरेलु हिंसा, बोक्सीको आरोप, छुवाछुत सम्वन्धी कसूर ।

**यौनजन्य कसूर:-** वालविवाह, बहुविवाह, जबरजस्ती करणी/उद्योग, बाल यौन दुरुपयोग ।

**सम्पत्ति सम्वन्धी कसुर:-**चोरी, डाँका, ठगी, आपराधिक विश्वासघात,सार्वजनिक लिखत किर्ते सम्बन्धी, नाप तौल सम्बन्धी कसूर, आपराधिक उपद्रव सम्बन्धी कसूर ।

**सरकारवादी फौजदारी मुद्दाको कारबाही प्रकृयामा सरकारी वकीलको प्रतिनिधित्व:**

- अनुसन्धान (निर्देशन दिने)
- अभियोजन (मुद्दा चल्ने नचल्ने निर्णय गर्ने र अभियोग पत्र दायर गर्ने)
- अदालती/न्यायिक कारबाहीमा प्रतिनिधित्व (साक्षी वकपत्र, वहस पैरवी र प्रतिरक्षा, निवेदन, पुनरावेदन, मुद्दा दोहोर्याई हेरी पाउने निवेदन सम्बन्धि काम)

**सरकारवादी फौजदारी मुद्दामा सरोकारवाला निकायहरू:**

- प्रहरी र अन्य अनुसन्धान गर्ने निकायका अनुसन्धान अधिकारी र कर्मचारीहरू
- सरकारी वकील
- निजी कानून व्यवसायी (नेपाल बार)
- अदालत/अर्धन्यायिक निकाय
- फरेन्सिक विज्ञ/चिकित्सक, समुदाय/नागरिक समाज (विभिन्न प्रकारका अपराधको न्याय निरूपणमा सम्बन्धित विज्ञहरू)
- स्थानीय तह
- अन्य विभिन्न सरकारी निकाय/संघ संस्था (अस्पताल, पुर्नस्थापना केन्द्र आदि)

**समुदायबाट सरकारी वकीलले राखेको अपक्षा:**

- कसूरको सूचना नजिकको प्रहरी कार्यालयमा वा नजिकको सम्बन्धित अनुसन्धान गर्ने कार्यालयमा थाहा पाउने बित्तिकै छिटो उपलब्ध गराउने ।
- कसूर गर्ने व्यक्तिलाई पक्राउ गर्न वा नियन्त्रण गर्न सहयोग गर्ने ।
- कसूरको अनुसन्धानको क्रममा आफूले देखेको र थाहा पाएको साँचो कुराको जानकारी अनुसन्धान अधिकारी, सरकारी वकील र अदालत/न्यायिक निकायमा बयान र वकपत्रमा जानकारी गराउने ।
- कसूरको अनुसन्धानको क्रममा तयार गरिने विभिन्न लिखतहरूमा रोहवरमा र साक्षी बस्ने र घटना विवरण कागज गर्ने ।
- अपराध पीडितलाई तत्काल उद्धार, उपचार, राहत र पुर्नस्थापना गर्न सहयोग गर्ने ।
- मुद्दाको साक्षीको रूपमा रहेका व्यक्तिले अदालत/न्यायिक निकायमा तोकिएको दिनमा समयमा आई आफूले देखेको, जानेको र थाहा पाएको कुरा जानकारी गराई वकपत्र गर्ने ।
- अदालत/न्यायिक निकायबाट भएको फैसला कार्यान्वयनमा सहयोग गर्ने ।
- अनुसन्धान, अभियोजन र न्याय निरोपणका क्रममा अनुसन्धान अधिकारी, अभियोजनकर्ता र न्याय निरोपण गर्ने अधिकारी र न्यायधीशलाई अनुचित रूपमा आस, त्रास, दबाव र प्रभावमा पार्ने प्रयत्न नगर्ने ।

**समुदायले थाहा जानकारी पाइराख्नु पर्ने कुराहरू:**

- कसैले पनि कानून उल्लंघन गरेर कुनै कानूनी व्यवस्थाको जानकारी थिएन वा जानेको थिइन भन्न पाउँदैन ।
- कसैलाई पनि कुनै प्रकारको भेदभाव वा छुवाछुत गर्न पाईंदैन ।
- दश वर्ष भन्दा कम उमेरका बालबालिकालाई कुनै अपराधमा सजाय हुँदैन । मुद्दा लाग्दैन ।
- बालबालिकालाई सिकाएर कुनै अपराध गर्न लगाएमा वा त्यसरी अपराध भएमा सिकाउने वा अपराध गर्न लगाउनेलाई पनि सजाय हुन्छ ।
- कसैलाई पनि कानून बमोजिम बाहेक थुनामा राख्न पाइदैन ।
- कसैलाई पनि यातना दिन पाईंदैन । पक्राउ परेका व्यक्तीलाई कुटपिट गर्न वा कुनै किसिमको यातना दिने गर्न हुँदैन ।
- अपराधको सूचना दिनु सबैको कर्तब्य हो । नजिकको प्रहरी कार्यालयमा वा सम्बन्धित अनुसन्धान गर्ने निकायमा यस्तो सूचना दिनुपर्छ ।
- अपराधको बारेमा आफूलाई थाहा जानकारी भएको साँचो कुरा अनुसन्धानको क्रममा अनुसन्धान अधिकारी र अदालत/अर्धन्यायिक निकायमा बयान/वकपत्रमा भन्नुपर्छ ।

- अपराध पीडितलाई उद्धार गर्न, उपचार गर्न र पुर्नस्थापना गर्न सहयोग गर्नुपर्छ ।
- साक्षीको रूपमा रहेका व्यक्तिले अपराधको बारेमा आफूलाई थाहा जानकारी भएको कुरा अदालत/अर्धन्यायिक निकायमा तोकिएको दिनमा गएर वकपत्र गरिदिनु पर्छ ।
- सुनेर जानेको वा थाहा पाएको कुरा प्रमाण होइन ।
- असमर्थ पक्षलाई कानून बमोजिम निशुल्क कानूनी सहायता पाउने हक हुन्छ ।
- अपराध पीडितलाई आफू पीडित भएको मुद्दामा भएको अनुसन्धानको र अदालतमा भएको न्यायिक काम कारवाहीको जानकारी पाउने हक हुन्छ ।
- प्रत्येक अपराध पीडितलाई अभियुक्तलाई लगाइएको अभियोगको बारेमा वा अभियोग नलगाइएको अवस्थामा त्यसको आधार र कारणको बारेमा जानकारी पाउने हकहुन्छ ।
- अपराध पीडितलाई कानून बमोजिम मुद्दाको कारवाही प्रक्रियामा सहभागी हुन पाउने,सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुन्छ ।
- नेपाल सरकार वादी हुने मुद्दामा अपराधको सूचना दिने व्यक्ति सरकारी गवाह (साक्षी)हुन्छ ।
- अदालत/मुद्दा हेर्ने निकायबाट दोषी ठहर नहुँदासम्म अभियुक्तलाई निर्दोष मान्नुपर्छ ।
- आफू विरुद्ध लागेको कसूरको प्रतिरक्षा गर्न कानून व्यवसायी राख्न असमर्थ अभियुक्तलाई राज्यद्वारा निशुल्क कानूनी सहायता एवं प्रतिरक्षा उपलव्ध हुन्छ । यसका लागि वैतनिक वकीलको व्यवस्था गरिएको हुन्छ ।